STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन १४ गते बिहीबार ❑ 29 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## राष्ट्रपतिद्वारा युद्ध सङ्ग्रहालयको उद्घाटन

**रासस**
**काठमाडौं, १३ साउन**

राष्ट्रपति विद्यादेवीभण्डारीलेऐतिहासिकस्थल सिन्धुलीगढी नेपाली शूरता र वीरताको परिचय भएको बताउनुभएको छ।



नेपालकै पहिलो सिन्धुलीगढी युद्ध सङ्ग्रहालयको बुधबार यहाँ उद्घाटन गर्दै उहाँले सङ्ग्रहालयलाई विश्वसामु चिनाउने काम नेपाली गौरवको विषय हो भन्नुभयो। उहाँले यसलाई पर्यटकीयस्थलमा विकास गर्न सकिने र पर्यटन प्रवर्द्धनमार्फत आर्थिक लाभ लिन सकिने बताउनुभयो । नागरिक र सैनिक सम्बन्धको उत्कृष्ट नमूनाका रूपमा सङ्ग्रहालय रहेको जनाउँदै राष्ट्रपतिले अनुसन्धानकर्ता, विद्यार्थी एवं स्वदेशी र विदेशी पर्यटकका लागि गन्तव्यस्थलका रूपमा विकास गर्न सकिने बताउनुभयो । एकीकरणका घटना र विषयलाई पाठ्यक्रममा समावेश गरी राष्ट्रिय एकता प्रवर्द्धन गरिनुपर्नेमा राष्ट्रपतिको जोड थियो। सो अवसरमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपालको स्वतन्त्रता र स्वाधीनताको रक्षामा महत्वपूर्णस्थलका रूपमा सिन्धुलीगढी रहेको बताउनुभयो। उहाँले सिन्धुलीगढीमा युद्ध सङ्ग्रहालय स्थापना गौरवपूर्ण इतिहास जोगाउने महत्वपूर्ण कार्य भएको बताउँदै यसले राष्ट्रिय एकता र सुरक्षामा सहयोग पुग्नेछ भन्नुभयो । सरकारले यस्ता सङ्ग्रहालय निर्माणलाई नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकताका साथ समावेश गर्ने उहाँले बताउनुभयो।

सांसद गणेशकुमार पहाडीले ऐतिहासिकस्थल संरक्षणका लागि १०० पर्यटकीय गन्तव्यस्थलमा समावेश गरेर सिन्धुलीगढीलाई चिनाउने काम भएको बताउँदै यो पर्यटकीयस्थलका रूपमा अङ्ग्रेजहरूको पनि गन्तव्यस्थल हुन सक्ने बताउनुभयो। प्रधानसेनापति पूर्णचन्द्र थापाले ऐतिहासिकगढी, किल्ला र एकीकरण मार्गको संरक्षणको कार्ययोजना बनाएर संरक्षणमा लागिएको बताउनुभयो । उहाँले इतिहास बिर्सने राष्ट्रको औचित्य नहुने भएकाले २५३ वर्षअघिको ऐतिहासिकस्थललाई चिनाउने काम भएको छ भन्नुभयो । कार्यक्रममा कमलामाई नगरपालिकाका प्रमुख खड्गबहादुर खत्री र उपप्रमुख मञ्जु देवकोटाले पनि नवनिर्मित युद्ध सङ्ग्रहालयलाई आकर्षक पर्यटकीयस्थलका रूपमा विकास गरिने प्रतिबद्धता जनाउनुभयो।

सो अवसरमा प्रधानसेनापति थापाले नगर प्रमुख खत्रीलाई सङ्ग्रहालय हस्तान्तरण गर्नुभयो । विसं १८२४ असोजमा अङ्ग्रेजसँग भएको युद्धको सम्झनामा सो सङ्ग्रहालय निर्माण गरिएका हो। सङ्ग्रहालयमा त्यतिबेलाको युद्धमा प्रयोग भएका हातहतियार र ऐतिहासिक दस्तावेज सङ्ग्रह गरिएको छ। युद्धमा सहभागी भएका झण्डै दुई हजार ४०० अङ्ग्रेज फौजमध्ये करिब एक हजार ६०० को मृत्यु भएको बताइन्छ।

## पहिलो चरणमा पाँच हजार खोप माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

पोखराका पर्यटन व्यवसायीले पर्यटनसम्बद्ध मजदुर एवं व्यवसायीका लागि तत्काल पाँच हजार मात्रा खोपको माग गरेका छन्।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई नेतृत्वको टोलीले मङ्गलबार गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल 'जीवन'लाई भेट गरी थलिएको पर्यटनलाई चलायमान बनाउनका लागि तत्काल खोपको व्यवस्था गर्नुपर्ने माग गरेको हो।

परिषद्का अध्यक्ष भट्टराईले हाल पहिलो चरणमा होटल तथा रेष्टुराँसहितका मजदुर एवं व्यवसायीलाई लक्षित गरी पाँच हजार कोरोनाविरुद्धको खोप आवश्यक भएको बताउनुभयो । पोखरामा पर्यटन व्यवसायीका लागि भने २० हजार मात्रा आवश्यक भए पनि तत्कालका लागि पाँच हजार मात्रा उपलब्ध गराउन माग गरिएको उहाँले बताउनुभयो। यसले पर्यटन बजारमा राम्रो सन्देश दिने उहाँको भनाइ छ। गण्डकी प्रदेश सरकारले अघिल्लो वर्षमा ल्याएको एक अर्बको व्यवसाय जीवनरक्षा कोष अधिकांश साना तथा मझौला व्यवसायीको पहुँचमा नभएको भन्दै गर्दै उहाँले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको किस्ता तथा ब्याज आगामी दुईवर्षसम्म तिर्न सक्ने कुनै सम्भावना नभएकाले कर्जा तालिकालाई पुनःतालिकीकरण गर्न माग गर्नुभयो। मौद्रिक नीतिमा चालु आर्थिक वर्ष २०७८/०७९ मा पर्यटनलाई प्राथमिकताप्राप्त क्षेत्रका रूपमा सम्बोधन गरी हरेक बैंकले बढीमा पाँच प्रतिशत ऋण सहुलियतब्याजदरमा पर्यटन उद्योगमा अनिवार्य लगानी गर्ने गरी व्यवस्था मिलाउन उहाँले अनुरोध गर्नुभयो। अर्थमन्त्री बरालले प्रदेश सरकारले खोप व्यवस्थापन गर्न केन्द्र सरकारसँग पहलगरिरहेको उल्लेख गर्दै व्यवसायीका मागप्रति प्रदेश सरकार गम्भीर भएको बताउनुभयो । कोरोनाबाट थलिएको पर्यटनलाई पुनरुत्थान गर्न सरकारले प्राथमिकता दिने उहाँले बताउनुभयो।

कार्यक्रममा अग्रज पर्यटन व्यवसायी अग्नि कँडेल, वासु त्रिपाठी, टीकाराम सापकोटालगायतले यस वर्ष करमा सहुलियत उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो । पदमार्ग संरक्षण गर्न र पर्यटकीय गन्तव्यहरूको संरक्षणमा ध्यान दिनुपर्नेमा उहाँहरूले जोड दिनुभयो।

## थप तीन हजार ८४० मा संक्रमित, ३३ को मृत्यु

**रासस**
**काठमाडौं, १३ साउन**

देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार ८४० जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय १० हजार ८८६ पिसिआर परीक्षणमा दुई हाजार ६३४ र चार हजार ९२२ एन्टिजेन परीक्षणमा एक हजार २०६ जना गरी जम्मा तीन हजार ८४० जनामा सङ्क्रमण पुष्टि भएको हो। योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या छ लाख ८८ हजार ३०७ पुगेको छ। एन्टिजेन परीक्षणमा सङ्क्रमित हुनेको सङ्ख्या ५८ हजार ३५० रहेको छ । पछिल्लो समय थप एक हजार ९९३ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या छ लाख ४९ हजार ७२ पुगेको छ । निको हुने दर ९४ दशमलव ३ रहेको पनि मन्त्रालयले जनाएको छ।

हाल नेपालमा २६ हजार ६५२ जना होम आइसोलेशन तथा दुई हजार ७९२ जना संस्थागत आइसोलेशन छन् । त्यसैगरी ६११ जना आइसीयु र १६८ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या २९ हजार ४४४ जना रहेको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ७९१ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ३३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ भने मृत्यु दर १.५ प्रतिशत रहेको छ।

## कोरोनाविरुद्धको खोप प्रदेश सरकारको प्राथमिकतामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

गण्डकी प्रदेशका मन्त्रीहरूले कोरोनाविरुद्धको खोप आफूहरूको प्राथमिकतामा रहेको बताउनुभएको छ।

नेपाल प्रेस युनियन कास्कीद्वारा आज पोखरामा आयोजित नवनियुक्त मन्त्रीहरूको बधाई तथा परिचयात्मक कार्यक्रममा उहाँहरूले जनअपेक्षाअनुसार खोप उपलब्ध गराउने कुरामा आफूहरू लागेको बताउनुभयो । गण्डकीमा आमसञ्चार विधेयक ल्याउनुपूर्व पत्रकारको सुझावअनुसार अघि बढ्ने बताउँदै मन्त्रीहरूले लोकतन्त्र र प्रेस स्वतन्त्रताप्रति आफूहरू प्रतिबद्ध रहने बताउनुभयो।

पर्यटन, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्माले लोकतन्त्रको मूल्यमान्यताविपरीत गण्डकी सरकार अघि बढ्न नसक्ने बताउँदै सञ्चारजगत्कै कारण देशमा ठूला ठूला परिवर्तन ल्याउन सम्भव भएको उल्लेख गर्नुभयो । प्रेस स्वतन्त्रताको रक्षा भएमात्र देशमा लोकतन्त्रको रक्षा हुने उहाँले भन्नुभयो।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले अहिलेको प्रमुख आवश्यकता कोरोनाविरुद्धको खोप भएकाले तीनै तहको सरकार मिलेर खोप उपलब्ध गराउने बताउनुभयो। कानून, सञ्चार तथा प्रदेश मामिलामन्त्री बिन्दुकुमार थापाले कोरोना महामारीको समयमा सञ्चारजगत बाँच्ने र बचाउनका लागि आफू लागिपर्ने बताउनुभयो। कोरोनाबाट सबै क्षेत्र तहसनहस भएको बताउँदै उहाँले सञ्चारक्षेत्र झन जोखिमयुक्त क्षेत्र भएको उल्लेख गर्नुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## क्रियाशील सदस्यताको विवाद मिलाउन समय थप: कांग्रेस

**रासस**
**काठमाडौं, १३ साउन**

नेपाली कांग्रेसले पार्टीको क्रियाशील सदस्यता विवरणमा नमिलेका विषयमा सहमति कायम गर्न क्रियाशील सदस्यता छानबिन समितिलाई एक दिनको समय थप गरेको छ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको बूढानीलकण्ठस्थित निजी निवासमा बुधबार बसेको पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठकले समितिलाई विवाद निरुपणका लागि एक दिनको समय प्रदान गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिनुभयो।

बैठक बिहीबार पुनः बस्दैछ । समितिले बुधबार मात्रै पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठकमा क्रियाशील सदस्यता विवरणसम्बन्धी प्रतिवेदन बुझाएको थियो । विसं २०७७ फागुन ६ गते कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले आसन्न १४ औं महाधिवेशनको प्रयोजनका लागि देशभरका सम्पूर्ण क्रियाशील सदस्यको नामावलीको विवरणलाई अद्यावधिक गरी अन्तिम नामावली तयार गर्न समिति गठन गरेको थियो।

## व्यवसायीहरुलाई खोप उपलब्ध गराउन पोउवा संघको ताकेता

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

पोखरा उद्योग वाणिज्य संघले संक्रमणको जोखिममा रहेका उद्योगी/व्यवसायीहरुलाई कोभिड १९ खोपको प्राथमिकताको सूचीमा राख्न पुनः गण्डकी प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ।



कोभिडसँगैको निषेधाज्ञाले सुस्ताएको व्यवसायलाई पुनर्जीवन दिन तथा दैनिक हजारौं व्यक्तिसँग सम्पर्क हुने व्यवसायीहरु खोपबाट बञ्चित हुँदा संक्रमण फैलन सक्ने खतराप्रति सचेत रहन पनि प्रदेश सरकारलाई सुझाएको छ। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले मुख्यमन्त्री कृष्णचन्द्र नेपालीसमक्ष पोखराको पर्यटनसहित समग्र व्यवसाय जोगाउने दायित्व सरकारकै भएको स्मरण गराउँदै व्यवसायीले खोप पाउँदा अर्थतन्त्र उकालो लाग्ने जिकिर पनि गर्दै ज्ञापनपत्र पनि बुझायो।

ज्ञापनपत्र बुझ्‍ेसँगै भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले व्यवसायीसहित प्रदेशका सबै नागरिकलाई खोप दिलाउन सरकार निरन्तर लागिरहेको बताए।

'सरकारको पहिलो प्राथमिकता खोप नै हो,प्रदेश सरकारले खोपकै लागि बजेट पनि विनियोजन गरेको छ,मुख्यमन्त्री नेपालीले भने,'तर, प्रदेश तहबाट खोप खरिदको बाटो नखुल्दा र खोपको मात्रा केन्द्रले नै तोक्ने हुँदा सबैलाई समयमा खोप दिन नसकिएको हो।' उनले केन्द्र सरकारसँग केही बढी खोप मागिएको जानकारी दिँदै पर्याप्त खोप आउनासाथ प्राथमिकता तोकेर सबैलाई खोप दिने आश्वासन पनि दिए। गण्डकीका कानून, संचार तथा प्रदेश सभा मामिलामन्त्री विन्दुकुमार थापाले व्यवसायीहरुको लागि खोप दिने कार्य सुरु गर्नेतर्फ प्रदेश सरकारले पहल गरेको जानकारी दिए । खोप प्राप्त भएपछि अर्थतन्त्रले गति लिन्छ भन्नेमा प्रदेश सरकार सहमत भएको उनको भनाई थियो।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले प्रधानमन्त्री शेरबहादुर देउवाले खोपलाई प्राथमिकतामा राख्नु सकारात्मक भएको बताउँदै यथासक्य छिटो व्यवसायीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । उनले व्यवसायीहरुको लागि निश्चित मात्रामा खोप छुट्याएर पोखरा प्रदर्शनी केन्द्रमै खोप लगाउने व्यवस्था मिलाउन पनि सुझाए। हरेक कुराको लागि केन्द्र सरकार गुहार्नुपर्ने प्रवृत्तिको अन्त्य गराउनु प्रदेश सरकारको दायित्व भएको बताउँदै उनले खोपको लागि नजिकको सरकारसँग आग्रह गर्नु आफ्नो अधिकार भएको पनि स्मरण गरे । नेपाल पर्यटन बोर्डका पूर्वसदस्य गणेशबहादुर भट्टराईले करदातालाई खोपको प्राथमिकतामा नराख्नु दुर्भाग्यपूर्ण भएको बताउँदै खोपको लागि प्रशासन गुहार्नुपर्ने बाध्यता हट्नुपर्ने माग गरे।

बोर्डका अर्का पूर्वसदस्य बासु त्रिपाठीले सरकारले काठमाडौंवासीलाई खोपको प्राथमिकतामा राखेको र बाहिरका व्यवसायीहरुलाई दोस्रो दर्जाको नागरिकसरह व्यवहार गर्नु दुर्भाग्यपूर्ण भएको बताए । अन्तरक्रिया कार्यक्रममा बोल्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराई, पूर्वअध्यक्ष चिरञ्जिवी पोखरेल, पोखरा पर्यटन परिषद्का सचिव रामचन्द्र शर्मा, पोउवा संघका कार्यलगायतले व्यवसायीहरुको लागि कम्तिमा २० हजार डोज खोप उपलब्ध गराउन सरकारसँग आग्रह गरेका थिए । प्रतिनिधि मण्डलमा पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष गोकर्ण कार्की, महासचिव सुरेन्द्रमान विजुक्छे,कोषाध्यक्ष बलराम आचार्य,उमहासचिव केशवबहादुर खत्री, कार्यसमिति सदस्यद्धय भरत केसी तथा हिरामणि पण्डितसहित पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्षहरु, सल्लाहकार, कार्यसमितिका पदाधिकारी र सदस्य तथा पर्यटनसम्वद्ध विभिन्न संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# महामारीको त्रासबीचमै खुले बेगनासका होटल

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

लेखनाथस्थित बेगनास ताल वरपरका होटलमा आन्तरिक पर्यटक आउन थाले पनि व्यवसायीमा कोरोना सङ्क्रमणको त्रास भने हट्न सकेको छैन।



स्थानीय सरकारले निषेधाज्ञा खुकुलो पारेपछि होटलमा आन्तरिक पर्यटक आउन थालेका छन् । कोरोना सङ्क्रमणकै कारण थला परेको पर्यटन व्यवसायलाई पूर्ण रूपमा सहज तुल्याउन नेपाल सरकारले छिटो भन्दाछिटो सबैलाई पुग्ने गरी कोरोनाविरुद्धको खोप ल्याउनुपर्ने माग यहाँका व्यवसायीको छ। "दुई हप्ताबाट आन्तरिक पर्यटक आउन शुरु भएको छ, तर सङ्क्रमणको त्रासका बीच पाहुनाको सेवा गरेका छौं", बेगनास तालस्थित ग्राण्ड होटलका सञ्चालक दुर्गाप्रसाद अधिकारीले भन्नुभयो, "विकास निर्माणका कामलाई एक वर्ष थाँती राखेर भए पनि नेपाल सरकारले सम्पूर्ण नेपालीलाई पुग्नेगरी कोरोनाविरुद्धको खोप लगाउन अनिवार्य छ।"

सरकारी बिदाका दिन बेगनासमा पर्यटक घुम्न आउने क्रम शुरु भएको बताइएको छ। कटौती गरी बाँकी रहेका एक दुईजना कर्मचारी र आफैले पनि पाउनालाई सेवा दिँदै आएको होटल व्यवसायी अधिकारीले बताउनुभयो। "घर भाडामा लिएर होटल सञ्चालन गर्ने केही व्यवसायी विस्थापित भइसकेका छन्, आफ्नै घरमा होटल सञ्चालन गर्नेले भने एक दुई कर्मचारी राखेर भए पनि होटल तथा रेष्टुराँ धानेका छौं, भिजिट नेपाललाई लक्षित गरी लगानी बढायौं, तर कोरोना सङ्क्रमणकै कारण बैंकको ब्याज तिर्न कठिन भएको छ", होटल तथा रेष्टुराँ एशोसिएशन लेखनाथका अध्यक्ष अर्जुन लम्सालले भन्नुभयो, "सरकारले व्यवसायीलाई पुनः कर्जाको व्यवस्था गर्नुपर्छ।"

लेखनाथमा २०० को हाराहारीमा होटल तथा रेष्टुराँ सञ्चालनमा छन्। एशोसियशनमा आवद्ध भने १०५ मात्र छन् । अध्यक्ष लम्सालका अनुसार रिसोर्टदेखि साना होटलले यहाँ आउने पर्यटकलाई सेवा पुऱ्याउँदै आएका छन्।

बेगनासस्थित न्यू थकाली भान्सा घरका सञ्चालक नीतेश लालचनले भन्नुभयो, "केही दिनदेखि दिउँसोको खाजा खानेगरी आन्तरिक पर्यटन बेगनास आउन थालेका छन् ।" बेगनासतालमा पाइने शहर, रहु, असला, नैनी, कमन, माहुर, तिलपिया बिगहेडलगायत जातका माछाको स्वाद लिन यहाँ पर्यटक पुग्ने गर्छन् । सात तालको बगैँचा शहरका रूपमा परिचित लेखनाथमा यतिबेला अधिकांश पर्यटक पोखराबाट नै आउने गरेका होटल व्यवसायी चित्रबहादुर गुरुङ बताउनुहुन्छ।

# कोल्ड रुम स्थापना

**पोखरापत्र संवाददाता**
**गण्डकी, १३ साउन**

उत्पादक र उपभोक्तालाई एउटै थलोमा जोड्ने लक्ष्यका साथ पोखरा-१७ बिरौटामा सञ्चालन गरिएको किसान बजारमा कोल्ड रुम स्थापना गरिएको छ।

पोखरा महानगरपालिकाको सहयोगमा सञ्चालित कृषि बजारमा कृषकले उत्पादन गरेका कृषिउपजको संरक्षण एवं बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यका साथ कोल्ड रुम स्थापना गरि सञ्चालनमा ल्याइएको हो।

तीन टन क्षमता रहेको सो कोल्ड रुम फलफूल तथा तरकारी मूल्य शृङ्खला विकास आयोजनाद्वारा रु चार लाख ८० हजारको लागतमा स्थापना गरिएको किसान बजार निर्माण तथा सञ्चालक समितिका अध्यक्ष चूडामणि बरालले जानकारी दिनुभयो । पोखरा महानगरपालिका-१७कावडाध्यक्ष तीर्थराज अधिकारीले आज एक समारोहका बीच नवनिर्मित कोल्ड रुमको उद्घाटन गर्दै यसबाट कृषकले भरपुर फाइदा लिने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा महानगर कार्यपालिका सदस्य राधिका शाही योगी, वडासदस्य वैकुण्ठ भण्डारी, महानगर कृषि महाशाखा प्रमुख मनहर कडरिया, कृषक उमानाथ सुवेदी, खिमलाल बराल, उमाकान्त बरालले कोल्ड रुमको महत्व र आवश्यकतामाथि प्रकाश पार्नुभएको थियो।

पोखरा महानगरपालिकाद्वारा रु ११ लाखको लागतमा उक्त कृषि बजारको निर्माण गरि गत वर्षदेखि सञ्चालनमा ल्याएको हो । विश्वव्यापीरुपमा फैलिएको कोरोनाको कारण बन्द भएको सो बजार साउन १ गतेदेखि पुनःसञ्चालनमा आएको कृषक श्याम पोखरेलले जानकारी दिनुभयो।

# सांसद थापाको रिट निवेदनमा अन्तरिक आदेश दिन अस्वीकार

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ साउन**

सर्वोच्च अदालतले गण्डकी प्रदेशका सांसद कृष्ण थापाको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

थापाले सांसद पद पुनःबहालीको माग गर्दै दायर गरेको रिट निवेदनमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । सर्वोच्च अदातलका न्यायधीश ईश्वरप्रसाद खतिवडा र मनोजकुमार शर्माको सयुक्त इजलासले सांसद पद पुनःबहाली गर्न माग गरेको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। "थापालाई सुनुवाइको मौकासमेत प्रदान गरी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २८, ३२ र ३४ समेतका दल त्यागसम्बन्धी कानूनी प्रावधानका आधारमा प्रदेशसभा सदस्य पदबाट हटाइएको देखिएको र निवेदकले उठाउनुभएको अन्य कानूनी प्रश्नको निरुपण पूर्ण सुनुवाइका अवस्थामा नै गर्नु मानसिक हुने प्रकृतिको देखिएको हुँदा अहिले अन्तरिम आदेश जारी गर्नु मनासिव देखिएन", आदेशमा भनिएको छ।

# वृद्धभत्ता घरदैलोमै

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १३ साउन**

हरिनास गाउँपालिकाले वृद्धभत्ता घरदैलोमै पुगेर वितरण गरेको छ । दूरदराजमा रहेको उक्त गाउँपालिकाबाट वृद्धभत्ता लिन सदरमुकामको बैंकमा जानुपर्दा ज्येष्ठ नागरिकले सास्ती खेप्दैआएका थिए।

गाउँपालिका-१ खैरेकोट गाउँमा पुगेर गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरले वृद्धवृद्धालाई भत्ता वितरण गर्दै भन्नुभयो, "स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले जनाताको चाहानाअनुसार सुविधा हुनेगरी काम गर्नुपर्छ।"

वृद्धभत्ता लिनका लागि जिल्ला सदरमुकास्थित बैंकमा जाँदा आफूहरूले धेरै दुःख पाएको गुनासो वृद्धवृद्धाले गरेकाले घरमै पुगेर भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाले जनतासँग अध्यक्ष कार्यक्रमसमेत सञ्चालन गरी गाउँगाउँमा पुगेर जनताको गुनासो सुन्नुका साथै समस्यासमेत समाधान गर्दै आएको अध्यक्ष मानन्धरले बताउनुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले वर्षाका बेला जिल्ला सदरमुकामसम्म जाँदा समस्या हुने भएकोले कुमारी बैंकसँग समन्वय गरेर गाउँघरमै वृद्धभत्ता वितरण गर्ने व्यवस्था मिलाइएको समाजिक सुरक्षा भत्ताका लागि परिचयपत्रसमेत गाउँघरमै पुगेर नवीकरण गरिएको उहाले जानकारी दिनुभयो

# कोरोनाविरुद्धको...

मन्त्रालयमा रु ८८ करोड बजेट रहेकोमा सञ्चार क्षेत्रका लागि रु दुई करोड बजेट रहेको उहाँले जानकारी दिनुभयो।

उक्त अवसरमा युनियनका तर्फबाट नेपाली कांग्रेसबाट नियुक्त मन्त्रीहरूलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना दिएको छ । उहाँहरूलाई बधाईपत्रका साथमा माला र खादा ओढाइ सम्मान गरिएको थियो । कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, केन्द्रीय सचिव केवी राना, युनियन कास्कीका अध्यक्ष नवीन सिग्देल, नेपाल पत्रकार महासङ्घ केन्द्रीय सदस्य सरिता तिमिल्सिना पगेनी, महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, युनियनका सल्लाहकार रवीन्द्र बाँस्तोला, गङ्गाधर पराजुली, शिरोमणि बराल, जिल्ला उपाध्यक्ष प्रकाशचन्द्र सापकोटा, सचिव प्रदीप पौडेललगायतले जनताको हितलाई ध्यानमा राखेर काम मन्त्रीहरुलाई आग्रह गर्दै सामाजिक सञ्जालमा टीकाटिप्पणी नहुने गरी काम गर्न सुझाव दिनुभयो।

नेपाल प्रेस युनियन कास्कीले यसअघि नै प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र भौतिक पूर्वाधार, शहरी विकास तथा यातायातमन्त्री कुमार खड्कालाई बधाई तथा सम्मान गरिसकेको छ।

# गौरिकाको राष्ट्रिय कीर्तिमान

**रासस**
**काठमाडौं, १३ साउन**

जापानको टोकियोमा आयोजना भइरहेको ३२औं गृष्मकालीन ओलम्पिकअन्तर्गत पौडी खेलमा नेपालकी जलपरी गौरिका सिंहले राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको छ।

टोकियो एक्वेटिक सेन्टरमा आज भएको खेलमा गौरिकाले महिलाको १०० मिटर फ्रिस्टाइलमा राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको हो। एक सय मिटर फ्रिस्टाइलमा उहाँले एक घण्टा ००.११ सेकेन्डको समय निकाल्दै राष्ट्रिय कीर्तिमान बनाउनुभएको हो।

गौरिकाले प्रतिस्पर्धा गरेको हिट चरणमा चार जना खेलाडी रहेका थिए। जसमा उहाँ तेस्रो स्थानमा रहनुभयो । यस स्पर्धामा उत्कृष्ट १६ खेलाडी मात्र सेमिफाइलनमा प्रवेश गर्नेछन् । पचास मिटरको लङ कोर्समा गौरिकाले आफ्नै नाममा रहेको कीर्तिमान सुधार गर्नुभएको हो । यसअघि उहाँको नाममा १:००.६२ सेकेन्डको राष्ट्रिय कीर्तिमान रहेको थियो।

ओलम्पिकमा गौरिकाको यो दोस्रो सहभागिता हो। यसअघि २०१६ मा गौरिका रियो ओलम्पिकमा सहभागिता जनाउनुभएको थियो।

# एसइई नतिजा साउन २५ गतेभित्र सार्वजनिक गर्ने


**रासस**
**काठमाडौं, १३ साउन**

राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीले माध्यमिक शिक्षा परीक्षा (एसइई) को आन्तरिक मूल्याङ्कनको नतिजा यही साउन २५ गतेभित्र सार्वजनिक गर्ने भएको छ।

यही साउन २५ गतेभित्रमा २०७७ को एसइई नतिजा सार्वजनिक गर्ने गरी अहिले तीव्ररूपमा काम भइरहेको परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) का परीक्षा नियन्त्रक रुद्र अधिकारीले बताउनुभयो। सबै जिल्लाबाट विद्यार्थीको मूल्याङ्कन नतिजा आएर इन्ट्री सकेर नम्बर रुजु गर्ने काम भइरहेको बताउँदै उहाँले कुनै प्राविधिक कठिनाई नआए आगामी शुक्रबारभित्र विद्यार्थीको नतिजा रुजु गरिसक्ने र त्यसको एक साताभित्रमा नतिजा सार्वजनिक गर्ने उहाँले बताउनुभयो। कार्यालयका अनुसार २०७७ सालको एसइई परीक्षाको लागि पाँच लाख १७ हजार विद्यार्थीले रजिष्ट्रेशन फारम भरेका थिए। दोस्रो लहरको कोभिड-१९ सङ्क्रमण बढ्दै गएपछि गरिएको निषेधाज्ञाका कारण गत वैशाख २७ गते एसइई परीक्षा स्थगित भएको थियो । गत जेठ १३ देखि भौतिकरूपमा एसइई परीक्षा सञ्चालन गर्ने गरी बोर्डले तालिका सार्वजनिक गरे पनि कोभिडकै कारण परीक्षा हुन नसकेपछि जेठ १७ गते बसेको मन्त्रिपरिषद् बैठकले आन्तरिक मूल्याङ्कनबाट नतिजा प्रकाशित गर्ने निर्णय गरेको थियो। बोर्डले एसइईको विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ जारी गर्दै सैद्धान्तिकतर्फ कुनै पनि विषयमा ८० प्रतिशत वा सोभन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको विषगत शिक्षकले के कारण उक्त नम्बर दिइएको हो भनेर कारण खुलाउनुपर्ने जनाएको छ । कोभिडकै कारणले २०७६ सालको एसइई परीक्षाको नतिजा पनि आन्तरिक मूल्याङ्कनबाट प्रकाशित गरिएको थियो।




कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# अन्योलमा कांग्रेस महाधिवेशन

नेपाली काङ्ग्रेसको १४ औं महाधिवेशन तोकिएको मितिमा हुँदैन कि भन्ने आशंका छापटकपटक महाधिवेशनको मिति परिवर्तन भएको छ। समयमै महाधिवेशन नगरी म्याद थप गरेर आयु बढाएका सभापति शेर बहादुर देउवाले प्रधानमन्त्री बनेपछि पार्टीको १४औं महाधिवेशनको मिति हेरफेर गर्न नमिल्ने बताउन थालेका छन्। साउन १२ गतेदेखि हुने भनिएको तल्ला तहको अधिवेशन स्थगित भएको छ बडा अधिवेशन कहिले हुने मितिमा तय भएको छैन। क्रियाशील सदस्यता छानबिन समितिको म्यादी थप भएको छ। सदस्यता टुङ्गो लागेपछि स्थानीय तहको अधिवेशन हुने भएको हुँदा एक दुईवटा दिनमा हुनेछ छाँट देखिन्न।

सत्ता हात परेको अवस्थामा हतपतमा स्थानीय अधिवेशन भए पनि लोकतान्त्रिक अभ्यास मान्नुपर्ने बाध्यतामा काङ्ग्रेस छाकाङ्ग्रेस पदाधिकारी बैठकमा प्रधानमन्त्री एवं सभापति देउवाले मिति तलमाथि पार्नुस्। जे गर्नुस्। मिलाउनुस्। तर, भदौको १६ लाई १७ मात्रै पनि बनाउन मिल्दैन। भनेर विवादित सदस्यता पास गराउन दवाव दिएका छन। त्यो मितिमा केन्द्रीय महाधिवेशन गर्नैपर्छ,' बुधबार बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा देउवाले भने, 'महाधिवेशन भदौको १६ देखि नै हुन्छ, हुन्छ, हुन्छ।' कांग्रेसले भदौको १६ देखि १९ गतेसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने गरी १२ साउनदेखि तल्ला तहको अधिवेशन गर्ने कार्यतालिका बनाएको थियो। तर, क्रियाशील सदस्यताको टुंगो नलाग्दा वडा तहको अधिवेशन हुन सकेन। अहिलेसम्म कार्यतालिका मात्रै प्रभावित भएको छैन, क्रियाशील सदस्यताको टुंगो कहिले लाग्ने हो ? अझै ठेगान छैन।

तर, सभापति देउवाले बुधबारको बैठकमा पनि केन्द्रीय महाधिवेशन सार्न नमिल्ने र नसार्ने अडान लिएका छन्। देउवासँगै वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि महाधिवेशन तोकिएकै समयमा हुनुपर्ने बताएका थिए। 'दुवै नेताको एउटै कुरा छ, तोकिएकै मितिमा महाधिवेशन गर्नुपर्छ भनिरहनुभएको छ। तर, क्रियाशील सदस्यतामा देखिएको विवादमा दुवै पक्ष लचिलो छैन। कार्यतालिका प्रभावित भइसकेको छ, यस्तो वेला महाधिवेशन तोकिएकै मितिमा हुन्छ भनेर कसरी पत्याउने ?' पार्टीमा नयाँपुस्ताले हस्तक्षेप गर्ने अवस्था आउन नदिन पुरानो पुस्ताको लय मिलेको छाकाङ्ग्रेसको महाधिवेशन कुन तरिकाले हुन्छ त्यो काङ्ग्रेसको आन्तरिक विषय हुदैन। लोकतान्त्रिक दलहरुको जीवन कस्तो छ भन्ने मापन पनि हुनेछ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : सम्मान मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भन्नुहोस्।


# प्रदेश प्रमुखको शपथ

रासस

काठमाडौं, १३ साउन

राष्ट्रपति विद्यादेवी भण्डार ीसमक्ष नवनियुक्त प्रदेश प्रमुखले आज पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङ र लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचनले आज शीतल निवासमा आयोजित कार्यक्रममा शपथ लिनुभएको हो। उहाँहरूलाई नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिले मङ्गलबार नियुक्त गर्नुभएको थियो।

सो अवसरमा उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख र राष्ट्यिसभाका अध्यक्षलगायतको उपस्थिति थियो।

# गण्डकी र लुम्बिनी प्रदेशका प्रमुख गुरुङ र शेरचन एउटै गाउँवासी

- नारायण अधिकारी

चितवन, १३ साउन (रासस)




फरक विचारको राजनीति जीवनयात्रामा रहनुभएका अमिक शेरचन र पृथ्वीमान गुरुङ एउटै गाउँवासी हुनुहुन्छ। सरकारले मङ्गलबार उहाँहरू दुवैलाई लुम्बिनी र गण्डकी प्रदेशको प्रमुखमा नियुक्त गरेको हो। शेरचन लुम्बिनी र गुरुङ गण्डकी प्रदेश प्रमुखमा नियुक्त हुनुभएको छ। दुवै जना भरतपुर महानगरपालिका-२६ दिव्यनगर गाउँका हुनुहुन्छ। भरतपुर-मेघौली सडकमा पर्ने थकाली चोकमा शेरचनको र धर्मभकारी चोकमा गुरुङको घर पर्दछ। वामपन्थी राजनीतिबाट अघि बढ्नुभएका शेरचन र कांग्रेसको राजनीतिमा अघि बढ्नुभएका गुरुङ दुवैले इमान्दार नेताको छवि बनाउनुभएको छ। विसं २०४८ को प्रतिनिधिसभा निर्वाचनमा चितवन निर्वाचन क्षेत्र नं ३ बाट दुवै जना उम्मेदवार हुनुहुन्थ्यो। त्यतिबेला शेरचनले जितुभयो भने गुरुङ निकटतम प्रतिद्वन्द्वी बन्नुभयो।

**को हुनुहुन्छ शेरचन ?**

इमान्दार, सदाचार र सादगी जीवन जिउने थोरै व्यक्तित्वमध्येमा पर्नुहुन्छ शेरचन। जीवनको लामो समय भूमिगत र अर्धभूमिगत बिताउनुभएका उहाँ निर्भीक, निडर र इमान्दार मानिनुहुन्छ। विसं २००६ मा म्याग्दी जिल्लाको ओखरबोटखानी-९ माबडिबाहदुर र उमादेवीका पुत्रका रूपमा जन्मनुभएको हो। युवावस्थादेखि नै वामपन्थी राजनीतिमा झुकाव राख्दै आउनुभएका शेरचन विसं २०३५ मा निर्मल लामाले नेतृत्व गरेको नेकपा (चौथो महाधिवेशन)को केन्द्रीय सदस्य एवं चितवन जिल्ला सचिव हुनुभएको थियो। तत्कालीन समयमा पञ्चायतविरोधी अभियानमा सक्रिय उहाँले विभिन्न समयमा कारागार जीवन बिताउनुभएको छ।

विसं २०४७ मा तीन पार्टी र त्यसको एक वर्षपछि अरु दुई पार्टी थपिएर बनेको नेकपा (एकता केन्द्र) मा शेरचन केन्द्रीय सदस्य हुनुहुन्थ्यो। शुरुमा नेकपा (मशाल), नेकपा (चौथो महाधिवेशन) र सर्वहारावादी श्रमिक सङ्गठन मिलेर संयोजन समिति बन्यो। पछि त्यसैलाई एकता केन्द्रका रूपमा घोषणा गरिएको वामपन्थी नेता साध्यबहादुर भण्डारीले जानकारी दिनुभयो।

नेता भण्डारीका अनुसार पछि सोही पार्टीको विद्रोही मसाल र रुपचन्द्र विष्टले नेतृत्व गरेको पार्टीसमेत एकता केन्द्रमा समाहित भएको थियो। शेरचन विसं २०४७ मा संयुक्त जनमोर्चाको चितवन जिल्ला अध्यक्ष हुनुभयो। त्यसको केन्द्रीय अध्यक्षमा डा बाबुराम भट्टराई हुनुहुन्थ्यो। नेता भण्डारीका अनुसार विसं २०५१ मा संयुक्त जनमोर्चाबाट डा भट्टराई र निरञ्जन वैद्य अलगिएर छुट्टाछुट्टै पार्टी खोलेपछि विसं २०५४ को जनकपुर सम्मेलनले शेरचनलाई संयुक्त जनमोर्चाका केन्द्रीय अध्यक्ष बनाएको थियो। एकता केन्द्र र संयुक्त जनमोर्चाका तर्फबाट विसं २०४८ को निर्वाचनमा उम्मेदवार बन्नुभएका शेरचन चितवन क्षेत्र नं ३ बाट निर्वाचित हुनुभयो। विसं २०५९ मा संयुक्त जनमोर्चा र राष्ट्रिय जनमोर्चा मिलेर बनेको जनमोर्चा नेपालको अध्यक्ष पनि शेरचन नै हुनुभयो। विसं २०६३ मा सो पार्टी विघटन भएको घोषणा गरी तत्कालीन नेकपा (माओवादी) मा समाहित भएको थियो। उक्त पार्टीमा शेरचन स्थायी समिति सदस्य बन्नुभएको थियो। यससँगै उहाँले पार्टीको अनुशासन कमिटीको अध्यक्षको भूमिका पनि निर्वाह गर्नुभयो। शेरचन विसं २०६३ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीसमेत बन्नुभएको थियो। विसं २०६४ को पहिलो संविधानसभाको निर्वाचनमा उहाँ चितवन क्षेत्र नं ५ बाट विजयी हुनुभयो। राज्य विद्रोहको मुद्दा लागेर पटकपटक हिरासतमा रहँदा त्यहीं प्रहरीलाई समेत कुटपिट गर्नुभएका शेरचन कम्युनिष्ट नेताहरूमध्येका साहसी नेता भएको उहाँसँग निकट रहेर राजनीति गर्नुभएका माडी नगरपालिकाका प्रमुख ठाकुर ढकालले राससलाई बताउनुभयो। शेरचन नेकपा (एमाले) र माओवादी केन्द्रको एकतापछि बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटीको आमन्त्रित सदस्य हुनुहुन्थ्यो। यसअघि उहाँ गण्डकी प्रदेश प्रमुखमा नियुक्त हुनुभएको थियो। केपी शर्मा ओली नेतृत्वको सरकारले उहाँको ठाउँमा चितवनकै सीता पौडेललाई नियुक्त गरेको थियो।

**को हुनुहुन्छ गुरुङ ?**

विसं २००६ माघ २५ गते कास्कीको घलेल गाउँमा जन्मिनुभएका गुरुङले प्राथमिक शिक्षा त्यहीँको घलेल गाउँमा अध्ययन गर्नुभयो। विसं २०१८ मा चितवन भर्नुभएका गुरुङले विसं २०२४ मा जुद्धोदय हाइस्कूल काठमाडौंबाट एसएलसी उत्तीर्ण गर्नुभयो। उहाँले अमृत साइन्स कलेजबाट आइएस्सी, त्रिचन्द्र कलेजबाट बिएस्सी र त्रिभुवन विश्वविद्यालयबाट एमएस्सी उत्तीर्ण गर्नुभयो। विसं २०३४ मा पृथ्वीनारायण क्याम्पसमा प्राध्यापकमा नियुक्त हुनुभएका उहाँ त्यसको एक वर्षपछि राजनीतिक मुद्दा लागेर बर्खास्तिमा पर्नुभयो। विसं २०३६ को जनमतसङ्ग्रहमा कास्कीको निर्वाचनमा सक्रियरूपमा लाग्नुभएका गुरुङ त्यसपछिका केही वर्ष काठमाडौंमा गैरसरकारी संस्थामा काम गर्नुभयो। विसं २०४२ मा चितवन फर्कनुभएका उहाँ नेपाली कांग्रेस चितवनको सहसचिवमा नियुक्त हुनुभयो। विसं २०४६ को जनआन्दोलनमा सङ्घर्ष समितिका पाँच सदस्यमध्ये एक गुरुङ विसं २०४८ मा चितवन क्षेत्र नं ३ बाट शेरचनसँगै चुनावी प्रतिस्पर्धा गर्नुभयो। निर्वाचनमा पराजयपछि विसं २०४९ मा उहाँ सुकुम्बासी आयोगको केन्द्रीय सदस्य हुनुभयो। त्यतिबेला उहाँ नवलपरासीको इन्चार्ज हुनुहुन्थ्यो।

नेपाली कांग्रेसको विभाजनसँगै उहाँ विसं २०६१ मा तत्कालीन शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस (प्रजातान्त्रिक) चितवनको सभापति बन्नुभयो। पार्टी एकता भएपछि सहसभापति बन्नुभएका गुरुङ त्यसयता कांग्रेस चितवनको सल्लाहकारका रूपमा क्रियाशील हुनुहुन्छ। नेपाली कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ गुरुङ विद्वान र इमान्दार नेता भएको बताउनुहुन्छ। कांग्रेसलाई सशक्त बनाउन उहाँ आफ्नो जीवनभर लागिपरेको श्रेष्ठको भनाइ छ। अन्य प्रशस्त अवसर भए पनि सबै त्यागेर पूर्णकालीनरूपमा कांग्रेसमा प्रतिबद्ध हुनुभएका गुरुङमाथि सरकारले न्याय गरेको श्रेष्ठले बताउनुभयो।

# जीप दुर्घटनामा तीनको मृत्यु, सात घाइते

रासस

काठमाडौं, १३ साउन

गुल्मीमा जीप दुर्घटनामा ज्यान गुमाएका तीनै जनाको सनाखत भएको छ। ज्यान गुमाउनेमा चन्द्रकोट गाउँपालिका-४ का वर्ष ४३ का तेजबहादुर खत्री, सोही गाउँपालिका-५ का वर्ष ३६ का रेशम कार्की र रेसुङ्गा नगरपालिका-२ बाखेछेँडा बस्ने वर्ष ६२ की सुनिता विक रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक गोपालचन्द्र भट्टराईले जानकारी दिनुभयो। उनीहरूको घटनास्थलमै ज्यान गएको हो।

दुर्घटनामा सात जना घाइते भएका छन्। घाइते हुनेमा चन्द्रकोट गाउँपालिका-६ की विनिता परियार, ७ की मुना भण्डारी, ४ का गगन क्षेत्री, ५ का जीप चालक बमबहादुर विक, ८ का सुशील विक, ७ का गोकुल भण्डारी र रेसुङ्गा नगरपालिका-२ की रमिला भण्डारी रहेका छन्। घाइतेमध्ये गोकुल, रमिला र मुनाको गुल्मी अस्पताल तम्घासमा उपचार भइरहेको छ भने अन्य चार जनालाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज पाल्पामा लगिएको छ। घाइतेमध्ये पाल्पा लगिएका दुई जनाको अवस्था भने गम्भीर रहेको प्रहरीले जनाएको छ। बुधबार बिहान चन्द्रकोट गाउँपालिका-४ अर्न्तगत शान्तिपुरबाट सदरमुकाम तम्घास आउँदै गरेको लु२ज ४५५९ नंको जीप बुधबार बिहान ११ बजे मुसिकोट नगरपालिका-४ अन्तर्गत इन्द्रेगौँडाको दोभान नजिकै दुर्घटना भएको थियो।

दुर्घटनामा परेकालाई स्थानीय र सुरक्षाकर्मीले उद्धार गरेका थिए। "जिल्ला प्रशासन कार्यालयमा कामका लागि बिहान रुपाकोटबाट जीपमा चढेर आउँदै थिए, त्यहाँ नजिकै आउँदै गर्दा सडक कुनामा थोरै पहिरो खसेको थियो। बाटो सजिलै थियो, अचानक कसरी दुर्घटना भयो थाहै भएन", दुर्घटनाका घाइते गोकुल भण्डारीले सुनाउनुभयो। दुर्घटना भएको उक्त जीप सडकबाट करीब ५०० मिटर तल खसेको प्रहरीले जनाएको छ।

# वैकल्पिक सिकाइका लागि निःशुल्क सिमकार्ड

- तोलाकान्ता बगाले

वालिङ, १३ साउन (रासस)

वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन यहाँका शिक्षक तथा विद्यार्थीलाई निःशुल्क सिमकार्ड वितरण गरिएको छ। स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको स्याङ्जाको वालिङ नगरपालिकाभित्रका सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थी गरी सात हजार ५०० जनालाई नेपाल टेलिकम र एनसेलले इन्टरनेट प्याकेजसहितको सिमकार्ड निःशुल्क उपलब्ध गराएको हो।

"विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड- १९ का कारण विद्यालयमा भौतिक उपस्थितिमा पठनपाठन हुने स्थिति रहेन", शिक्षा शाखा प्रमुख बाबुराम सापकोटाले भन्नुभयो, "सबै विद्यार्थीको पहुँचमा इन्टरनेट सेवा उपलब्ध नहुँदा वैकल्पिक शिक्षक सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसकेकाले टेलिकम र एनसेलको सहयोगमा इन्टरनेट प्याकेजसहितको सिमकार्ड निःशुल्क उपलब्ध गराएका हौं।" नगरभित्रका १४ वडाका ७२ सामुदायिक विद्यालयका ४५० शिक्षकसहित सात हजार ५०० विद्यार्थीलाई उनीहरूको ठाउँमा जुनजुन कम्पनीको सेवा राम्रो छ सोही अनुसारका सिम उपलब्ध गराएको शाखा प्रमुख सापकोटाले बताउनुभयो। सामुदायिकतर्फ ५६ आधारभूत विद्यालय र १६ माध्यमिक विद्यालय रहेको नगरपालिकाभित्र पाँच हजार नेपाल टेलिकमका सिमकार्ड र दुई हजार ५०० एनसेलका सिमकार्ड निःशुल्क वितरण गरिएको हो। नेपाल टेलिकमको सिमकार्डमा इन्टरनेट प्याकेजका लागि रु ३२१ र एनसेलको सिमकार्डमा रु ३१० ले एक महिनासम्म इन्टरनेट चलाउन सकिने छ। त्यसपछि शिक्षक/विद्यार्थी आफैले रिचार्ज गर्नुपर्ने छ। "वैकल्पिक शिक्षण क्रियाकलापका लागि जिल्लामै नगरपालिकाले सञ्चालन गरेको यो अभियान पहिलो र नयाँ हो", सापकोटाले भन्नुभयो, "सबै विद्यार्थी तथा शिक्षकको हात-हातमा इन्टरनेट प्याकेजसहितको सिमकार्ड भएपछि शिक्षण सिकाइ क्रियाकलाप थप प्रभावकारी हुने विश्वास लिएका छौं।"

नगरपालिकाले नगरभित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा कम्प्युटर शिक्षकलाई आइसिटीमा आधारित आधारभूत शिक्षण विधिलाई सहयोग पुग्नेगरी अनलाइनसम्बन्धी ज्ञान दिइसकिएको सूचना प्रविधि शाखाका प्रमुख इन्जिनीयर प्रकाश अर्यालले बताउनुभयो। सोह्र माध्यमिक विद्यालयमा कम्प्युटर र प्रिन्टर वितरण गरिसकिएको छ भने इन्टरनेट सेवा प्रदायकसँग सम्झौता गरी इन्टरनेटको सेवा विस्तार गरिएको उहाँले बताउनुभयो। कोभिड- १९ को महामारीका कारण प्रभावित बनेको शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित, प्रभावकारी र उपयोगी बनाउन यस अभियानले महत्वपूर्ण भूमिका खेल्ने प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराई बताउनुहुन्छ। इन्टरनेटको पहुँच नपुगेकै कारण वैकल्पिक सिकाइ प्रभावकारी हुन नसकिरहेको भन्ने गुनासो आइरहँदा यसको समाधानका लागि इन्टरनेट प्याकेजसहितका सिमकार्ड वितरण गरिएको भट्टराईले बताउनुभयो।

"सिमकार्डको प्रयोग भए नभएको साथै पठनपाठन भए नभएको निरन्तररूपमा अनुगमन तथा मूल्याङ्कन गरिने व्यवस्था मिलाइएको छ", उहाँले भन्नुभयो, "राज्यले शिक्षामा गरेको लगानीअनुसारको प्रतिफल आउने गरी र वालिङलाई स्मार्ट सिटीको अवधारणा अनुरुप अगाडि बढाउन लाग्नुपर्ने बेला आएको छ।"

स्मार्ट सिटी घोषणा भई कार्यान्वयनका क्रममा रहेकाले शिक्षाका क्षेत्रमा निर्धारण गरिएका लक्ष्य भेटाउनका लागि आइसिटीको विशेष टोली बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ। कोभिड-१९ का कारण भौतिकरूपमा विद्यालयमा उपस्थित हुनसक्ने अवस्था नभएकाले वैकल्पिक सिकाइ क्रियाकलापका लागि नेपाल टेलिकम र एनसेलको सहयोगमा निःशुल्क सिमकार्डको व्यवस्था गरिएको नगर प्रमुख दिलीपप्रताप खाणले बताउनुभयो। वैकल्पिक कक्षा सञ्चालनका क्रममा आउन सक्ने सम्भावित अप्ठ्यारालाई सम्बोधन गर्दै विभिन्न विकल्पको खोजी गर्ने क्रममा यो विधि अपनाइएको उहाँको भनाइ थियो। शिक्षासँगै बालबालिकाका क्षेत्रमा विनियोजन गरिएको रकम खर्च नभइ लगानी भएको र यसले भोलिका दिनमा उपलब्धि देखिँदै जाने उहाँको भनाइ थियो। "नगरभित्रका माध्यमिक विद्यालयमा इन्टरनेटको पहुँच पुगेको छ", उहाँले भन्नुभयो, "अब आधारभूत तहका विद्यालयमा पनि इन्टरनेटको पहुँच विस्तारका लागि सम्झौता भई काम पनि भइरहेको छ।" नगरभित्रका १४ वटै वडाका ३१० गाउँमा इन्टरनेटको पहुँच विस्तारका लागि सेवा प्रदायकसँग सम्झौता भई काम अगाडि बढिसकेको नगर प्रमुख खाणले बताउनुभयो। गाउँ-गाउँमा इन्टरनेटको सहज पहुँच नपुग्दासम्मका लागि शिक्षक तथा विद्यार्थीलाई निःशुल्क सिमकार्डको व्यवस्था मिलाइएको उहाँको भनाइ थियो। नगरभित्रका सबै विद्यालयका शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक प्रविधिको प्रयोग गर्ने तरिका तथा विधिका बारेमा यसअघि ज्ञान दिइसकिएको उहाँले बताउनुभयो। "नगरभित्रका सबै विद्यालयबाट प्रतिनिधिका रूपमा दुई जनालाई तालीम दिइएको र उहाँहरूले आ-आफ्नो विद्यालयमा अन्य शिक्षकलाई सिकाउनुहुने छ", प्रमुख खाणले भन्नुभयो, "शिक्षकको क्षमता विकास तथा आवश्यक सामग्री (ल्यापटप, कम्प्युटर, प्रिन्टर, स्क्यानर, इन्टरनेट) को व्यवस्था मिलाउने र त्यसको प्रयोगमा जोड दिँदै नगरलाई आइसिटीका रूपमा विकास गर्दै लगिने छ।" माध्यमिक तहका १६ विद्यालयलाई कम्प्युटर, ल्यापटप, स्क्यानर, प्रिन्टर उपलब्ध गराइसकेको छ भने आधारभूत तहका ५६ विद्यालयमध्ये पहिलो चरणमा २४ विद्यालयलाई कम्प्युटर र प्रिन्टर उपलब्ध गराइएको छ। नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ को शिक्षा क्षेत्रको स्वीकृत कार्यक्रम तथा बजेटअन्तर्गत विद्यालयमा कम्प्युटर तथा अनलाइन सफ्टवेयर व्यवस्थापनका लागि रु २० लाख विनियोजन गरेको थियो।

बाँकी रहेका ३२ विद्यालयलाई यही साउनभित्रै बोलपत्र गरी उक्त सामग्री उपलब्ध गराउने तयारी भएको नगरपालिकाले जनाएको छ। नगरपालिकाले बालविकास कक्षादेखि १० सम्मका सात हजार ५०० विद्यार्थीलाई उपयोगी हुने सिकाइ सहजीकरण स्वअध्ययन सामग्री पनि उपलब्ध गराइसकेको शिक्षा शाखा प्रमुख सापकोटाले बताउनुभयो।

# सांसद पदमा पुनर्बहालीको माग गर्दै रिट निवेदन दायर

रासस

काठमाडौं, १३ साउन

नेकपा (माओवादी केन्द्र)बाट नेकपा एमालेमा प्रवेश गर्नुभएका चार नेताले सांसद पदमा पुनर्बहालीको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराउनुभएको छ।

नेताहरु लेखराज भट्ट, टोपबहादुर रायमाझी, प्रभु साह र गौरीशङ्कर चौधरीले सांसद पदमा पुनर्बहालीको माग गर्दै आज सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराउनुभएको हो। उहाँहरुले संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषण तथा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरी सांसद पद पुनर्बहालीका माग गर्दै रिट निवेदन दर्ता गराउनु भएको छ। उहाँहरुले नेकपा (माओवादी केन्द्र), निर्वाचन आयोग, सङ्घीय संसद् सचिवालय, माओवादी केन्द्रका अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विपक्ष बनाई रिट दायर गर्नुभएको हो। रिट निवेदनमा आफूहरु २०७४ सालमा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा संविधानको धारा ८४ (१) को (क) बमोजिम निर्वाचित भएको र संविधानको धारा ८५ बमोजिम निर्वाचित भएको मितिले पाँच वर्षसम्म रहने व्यवस्थाअनुसार आफूहरु सो पदमा रहनुपर्ने माग गर्नुभएको छ। नेकपा (एमाले)मा उहाँहरु चारै जना प्रवेश गरेपछि माओवादी केन्द्रले सांसद पद मुक्त गरेको थियो। रिट निवेदनमा संविधान र प्रचलित कानूनले निर्धारण गरेको आधार बिना नै सांसद पद रिक्त गर्न गरिएको निर्णय संवैधानिक र कानूनी व्यवस्था प्रतिकूल रहेको उल्लेख गरिएको छ।

# कालीगण्डकीको अवैध दोहन गरी बालुवा चोरी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १३ साउन**

म्याग्दीको बेनी नगरपालिका-१ मा कालीगण्डकी नदीको अवैध दोहन र बालुवा चोरी भएको छ। आनन्दबगर, सारेमारे र ढोडेनीखोलामा स्थानीय तहसँग ठेक्का सम्झौताबिनै एक्साभेटर प्रयोग गरेर बालुवा उत्खनन भएको हो। सर्वोच्च अदालतले हालै गरेको फैसला र सरकारको निर्णयविपरीत अवैधरूपमाकालीगण्डकीबाटबालुवा उत्खनन भएको प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले बताउनुभयो।

प्रजिअ अधिकारीको नेतृत्वमा प्रहरी नायब उपरीक्षक श्यामकुमार राई, सशस्त्र प्रहरी नायब उपरीक्षक हरिबहादुर गुरुङ र राष्ट्रिय अनुसन्धानका प्रमुख अधिकृत महेश गुरुङको टोलीले मङ्गलबार उत्खनन भइरहेको बगरको अनुगमन गरेको थियो। अवैध नदी दोहनले नगरपालिकाको लाखौं आयस्रोत गुमेको छ। तटीय क्षेत्रमा कटानको जोखिम बढेको छ।

सरकारले असारदेखि भदौसम्म नदी उत्खनन गर्न रोक लगाएको छ। हालै सर्वोच्च अदालतले कालीगण्डकीमा डोजर प्रयोग गरेर उत्खनन गर्न नपाउने फैसला गरेको छ। "ठेक्का सम्झौताबिनै डोजर लगाई खोलामा स्पर बनाएर बालुवा उत्खनन गरेको भेटियो", प्रजिअ अधिकारीलेभन्नुभयो,"कारवाहीका लागि सिफारिस गर्छौं।" प्रहरी नायब उपरीक्षक राईले बगरबाट बालुवा उत्खननमा प्रयोग भएका चारवटा एक्साभेटरका धनी र उत्खननमा संलग्नलाई प्रहरी कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको बताउनुभयो। "एक्साभेटर र थुपारेको बालुवा जफत गरेर कारवाहीका लागि जिल्ला समन्वय समितिमार्फत नगरपालिकामा पठाउँछौं", उहाँले भन्नुभयो।

ढोडेनीखोला र कालीगण्डकीको दोभानस्थित म्याग्दीकोभूगोलमापर्नेढोडेनीखोला भन्ने ठाउँमा बागलुङतर्फबाट डोजर ल्याएर करिब १०० टिपर बालुवा निकालिएको छ। ढाडेनीखोलाभन्दा करिब ८०० मिटरमाथि सारेमारेको झोलुङ नजिकै पनि करिब १० दिनदेखि डोजर प्रयोग गरेर बालुवा निकालिरहेका छन्।

त्यहाँ करिब ३० टिपर बालुवा थुपारिएको छ। दिउँसो नजिकैको जङ्गलभित्र लुकाएर राख्ने डोजर बिहान र साँझमा बगरमा लगेर बालुवा निकाल्ने गरेका स्थानीयवासीले बताएका छन्। आनन्दबगरमा दुईवटा डोजर प्रयोग गरेर २०० टिपरभन्दा बढी बालुवा निकालेर थुपारेका छन्।

ठेक्का प्रतिस्पर्धा र नगरपालिकाले तोकेको ठाउँभन्दा अन्यत्र मेसिन प्रयोग गरेर बगर उत्खनन गर्न नपाउने कानूनी व्यवस्था छ। आनन्दबगरका हर्कबहादुर क्षेत्रीले सडक र खेलमैदान निर्माण गर्न व्यक्तिगत जग्गाभित्र पर्ने बगरमा कालीगण्डकीले बगाएर ल्याएको बालुवा निकालेको बताउनुभयो। बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले असार १ गतेदेखि नै बगर उत्खनन गर्न रोकिएको बताउनुभयो। प्रहरीले नियन्त्रणमा लिएर बुझाएमा कारवाही प्रक्रिया अघि बढाउने उहाँले बताउनुभयो।

ढाडेनीखोलामा कालीगण्डकीले सयौं रोपनी खेतीयोग्य जमिन कटान गरेको छ। कालीगण्डकीमा भएको अनियन्त्रित र अव्यवस्थित नदी दोहनका कारण सारेमारे र ढोडेनीको बीचमा रहेको जङ्गल पहिरो चलेर सखाप भएको छ। ढोडेनीखोलामा एक्साभेटर प्रयोग गरेर गरिएको उत्खननले कालीगण्डकीपारि पर्वतको जलजला गाउँपालिकाको फर्सेमा कटानको जोखिम बढाएको नाग्लीबाङका वडाध्यक्ष हरिविकास जिसीले बताउनुभयो।

# राष्ट्रिय परिचयपत्रका लागि नौ हजार बढीको विवरण दर्ता

**पोखरापत्र संवाददाता**
**दमौली, १३ साउन**

राष्ट्रिय परिचयपत्रका लागि तनहुँमा नौ हजारभन्दा बढीले विवरण दर्ता गराएका छन्। विसं २०७६ साउन ६ गतेदेखि शुरु भएको दर्ता अभियानअन्तर्गत गत असार मसान्तसम्म जिल्लामा नौ हजार १०८ ले विवरण दर्ता गराएका हुन्।

गत असार महिनामा मात्रै एक हजार ६३ को विवरण दर्ता गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलनका लागि जिल्ला प्रशासन कार्यालय तनहुँमा स्टेशन स्थापना गरिएको छ। प्रशासन कार्यालयबाट नागरिकता बनाएलगत्तै सर्वसाधारणको विवरण दर्ताको व्यवस्था मिलाइएको छ। "नागरिकता बनाउन आउने सबैलाई राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्न सहजीकरण गरिएको छ", सहायक प्रजिअ बरालले भन्नुभयो। परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ। यस्तै फारममा औंलाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ।

पहिलो चरणमा गण्डकी प्रदेशका तनहुँ र स्याङ्जामा राष्ट्रिय परिचयपत्र वितरणका लागि विवरण सङ्कलन शुरु भएको थियो। नेपाल सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवासुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ।

यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रुपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ। सामाजिक सुरक्षा कार्डका रुपमा यही कार्ड प्रयोग हुनेछ। यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ। अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारको अभिलेख व्यवस्थापनगर्नेप्रणालीकोस्थापना तथा विकास गरेको छ।

राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रुपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ।

तनहुँमा एक वर्षको अवधिमा आठ हजार नागरिकले नागरिकता प्राप्त गरेका छन्। वंशजका आधारमा आठ हजार २८९ र वैवाहिक अङ्गीकृतका आधारमा आठले नागरिकता लिएका हुन्। त्यस्तै सोही अवधिमा चार हजार ८६५ ले प्रतिलिपि बनाएका छन्। सोही अवधिमा दुई जनाले नागरिकता परित्याग गरेको प्रशासनले जनाएको छ।

यसैगरी चार हजार ४०९ जनाको राहदानीका लागि जिल्लाबाट सिफारिस, ८८९ जनाको द्रुत सेवा सिफारिस गरिएको छ भने तीन हजार ११२ जनाको जिल्लाबाट राहदानी वितरण गरिएको छ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला, गण्डकी, प्रदेश, नेपाल

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०४/१४**

सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद २ को नियम ९ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.ब. २०७८/०७९ का लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक खरिद विधि अवलम्बन गर्न तपसिल बमोजिमका सामान तथा सेवाहरु प्रदान गर्ने आपूर्ति कर्ता/परामर्शदाता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/गैर सरकारी संस्था/सेवा प्रदायकहरुको मौजुदा सुचि (स्टाण्डिङ्ग लिष्ट) तयार गर्नुपर्ने भएकोले ईच्छुक आपूर्तिकर्ता/परामर्शदाता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/गैरसरकारीसंस्था/सेवाप्रदायकहरुले आफ्नो फर्म/कम्पनी/संस्था/उद्योगहरुको दर्ता वा ईजाजत पत्र, PAN/VAT दर्ता प्रमाण पत्र, आ.ब. २०७७/०७८ सम्मको करचुक्ता प्रमाण पत्र, गाउँपालिका क्षेत्र भित्रको भए व्यवसाय दर्ता गरेको प्रमाण पत्र (नविकरण सहित) का प्रतिलिपिहरु र आफुले गर्ने कामको विवरणको निवेदन सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र सूचि दर्ता गर्नु हुन यो सूचना प्रकासित गरिएको छ। म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारबाही नगरिने बेहोरा जानकारी गराईन्छ।

**तपसिलः**

**क) सामान आपूर्ति तर्फ**

१) कार्यालय सामान, स्टेशनरी तथा मसलन्द।
२) छपाई सम्बन्धी (प्रेश सम्बन्धी कार्य)।
३) कम्प्युटर, प्रिन्टर, फ्याक्स, फोटोकपी, स्क्यानर, युपिएस, कार्टेज, टोनर लगायत नेटवर्किङ, स्विचिङका ईलेक्ट्रोनिक्स सामान।
४) सौर्य उर्जा सम्बन्धी सामान।
५) काठ तथा मेटलका फर्निचर तथा फर्निसिङ्ग।
६) जेनेरेटर तथा ए.सि. सामान।
७) विभिन्न ब्राण्डका सवारी साधन तथा यान्त्रिक उपकरणहरुको स्पेयर पार्टस।
८) कर्मचारीको पोशाक तथा सिलाई सम्बन्धी।
९) साईन बोर्ड, होर्डिङ बोर्ड, कपडा तथा फ्लेक्स व्यानर निर्माण र लेखन सम्बन्धी कार्य।
१०) ईलेक्ट्रिक सामानहरु (सडक बत्ति र वाईरिङ सम्बन्धी बिद्युतीय सामान, सौर्य उर्जा सम्बन्धि सामानहरु)।
११) सेनेटरी तथा प्लम्बिङका सामान।
१२) निर्माण सामाग्रीहरु (ह्युमपाईप, पोलिथिन पाईप, जि आई पाईप)।
१३) निर्माण सामाग्री (सिमेन्ट, गिट्टि, बालुवा, ढुंगा, ईट्टा)
१४) पेट्रोलियम पदार्थ/ईन्धन तथा लुब्रिकेन्ट।
१५) हार्डवेयर तथा सरसफाई सम्बन्धी सामान।
१६) फुल विरुवा तथा नर्सरीका सामानहरु।
१७) अन्य विविध सामान आपूर्ति।
१८) कषि सम्बन्धी बिउ-बिजन, मल, औजार उपकरण।
१९) औषधी तथा स्वास्थ्यसँग सम्बन्धित औषधी, औजार, उपकरण।
२०) पशुजन्य औषधी, औजार, उपकरण।

**सेवा आपूर्तितर्फ**

१) कुरियर सेवा सम्बन्धी कार्य।
२) विमा सेवा सम्बन्धी कार्यहरु।
३) ट्राभल एजेन्सी सम्बन्धी कार्यहरु।
४) बिज्ञापन/सूचना सम्बन्धी कार्यहरु।
५) परामर्श सेवा प्रदायक (ईन्जिनियरिङ सर्वेक्षण तथा डिजाईन, घरनक्सा डिजाईन तथा सुपरभिजन, प्रारम्भिक वातावरणीय परिक्षण र अन्य परामर्श सेवा प्रदायक)
६) निर्माण सेवा (कम्पनी)/सार्वजनिक निर्माण सम्बन्धी कार्य।
७) इन्टरनेट तथा वेभसाइट/सफ्टवेयर डिजाईन निर्माण तथा मर्मत सेवा।
८) गैर सरकारी संस्थाहरु (सेवा खरिद एवम् काम गराउने सम्बन्धी)।
९) विभिन्न सवारी साधन मर्मत सेवा।
१०) इलेक्ट्रोनिक सामान मर्मत सेवा।
११) फर्निचर मर्मत सेवा।
१२) अध्ययन अनुसन्धान सम्बन्धी परामर्श सेवा।
१३) श्रव्य दृश्य सामाग्री निर्माण।
१४) हेभी ईक्विपमेन्ट (डोजर, लोडर, एक्स्काभेटर, ट्यांकर, रोलर, ट्रीपर, ट्रक लगायतका निर्माणमा प्रयोग हुने मेशिनहरु)-प्रति घण्टाको इन्धन सहितको भाडादर समेत उल्लेख गर्ने
१५) लेखापरिक्षण सेवा।
१६) अन्य विविध मर्मत सेवा।
१७) कृषिजन्य, पशुजन्य, स्वास्थ्यजन्य सेवा।

नोट : सूचिकृत हुनका लागि निवेदन यस कार्यालयको जिन्सी उप-शाखामा लिन सकिनेछ वा कार्यालयको वेभसाईट www.phedikholamun.gov.np मा गई डाउनलोड गर्न सकिने छ। अन्य जानकारीको लागि फोन नं. ०६३-४०२०५३ मा सम्पर्क राख्नु होला।

प्रमुख प्रशासकिय अधिकृत


# लाइन काटेर बक्यौता असुल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ साउन**

नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रले समयमा महसुल नबुझाउने ग्राहकको लाइन काटेर बक्यौता असुल गरेको छ। गत आवभित्रमा ४६४ त्यस्ता ग्राहकबाट रु ३५ लाख बक्यौता उठाइएको केन्द्रले जनाएको छ।

महसुल तिर्न अटेर गर्ने ग्राहकको लाइन काट्ने गरिएको र महसुल बुझाएमा पुनः लाइन दिने गरिएको केन्द्र प्रमुख शिवनारायण गोशलीले बताउनुभयो। मिटर रिडिङ गरेको ६०औँ दिनसम्म विद्युत् महसुल नतिरेमा बिनासूचना जुनसुकै समयमा पनि प्राधिकरणले लाइन काट्न सक्ने कानूनी व्यवस्था छ। तोकिएको अवधिभन्दा बढी समयसम्म महसुल नतिर्ने ग्राहकको लाइन काट्ने गरिएको प्रमुख गोशलीको भनाइ छ। लाइन काटिएपछि बल्ल ग्राहकले बक्यौता रकम बुझाउने गरेका छन्। बक्यौता नतिरेसम्म लाइन नजोडिने केन्द्रले जनाएको छ। लाइन काटिएपछि पनि महसुल नबुझाउने ग्राहकलाई कालोसूचीमा राखेर केन्द्रले कारवाही अगाडि बढाउन सक्छ। गत आवमै कालोसूचीमा रहेका १६ जना पुराना ग्राहकबाट रु तीन लाख आठ हजार बक्यौता असुल गरिएको थियो। यस्तै ४१ ग्राहकलाई विद्युत् चुहावट गरेको आरोपमा कारवाही गरिएको छ। केन्द्रले अहिले जिल्लाभर केन्द्रीय प्रसारण लाइन विस्तारको काम गरिरहेको छ। विद्युतीकरण कार्यक्रममार्फत गत आवको शुरुमै बडिगाड र ढोरपाटन नगरपालिकाकामा पहिलोपटक केन्द्रीय प्रसारण लाइन पुगेको थियो।ताराखोला,बरेङगाउँपालिका र जैमिनी नगरपालिकामा पनि विद्युत् विस्तार भइरहेको छ। "जिल्लाको करिब ६५ देखि ७० प्रतिशत ठाउँमा केन्द्रीय प्रसारण लाइनको पहुँच विस्तार भइसकेको छ", प्रमुख गोशलीले भन्नुभयो, "आगामी वर्षसम्ममा सबैतिर पुग्छ, त्यहीअनुसार बजेट माग गरेका छौं।" तमानखोला र निसीखोला गाउँपालिकामाअहिलेसम्मकेन्द्रीय प्रसारणको विद्युत् पुग्न सकेको छैन। स्थानीयवासीहरू गाउँमै सञ्चालित लघुजलविद्युत् आयोजनाका भरमा छन्। गत आवमा विद्युत्का एक हजार ९०५ जना नयाँ ग्राहक थपिएको केन्द्रले जनाएको छ।

गण्डकी प्रदेश सरकारबाट आएको ग्रामीण विद्युतीकरण कार्यक्रमको शतप्रतिशत काम पूरा भएको जनाइएको छ। केन्द्रले विद्युत् विस्तारका साथै विद्युत् लाइन सुदृढीकरण, ट्रान्सफर्मर जडान, चुहावट रोक्ने, जीर्ण काठका पोललाई विस्थापित गरी नयाँ फलामका पोल राख्नेलगायतका काम गर्दै आएको छ।

# 'खोपमा किसान र मजदूरलाई प्राथमिकता होस्'

**रासस**
**काठमाडौं, १३ साउन**

कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिले किसान र पशुपक्षी फार्ममा काम गर्ने मजदूरलाई पहिलो प्राथमिकतामा राखेर कोभिड-१९ सङ्क्रमणविरुद्धको खोपको व्यवस्थापन गर्न सरकारलाई निर्देशन गरेको छ।

समितिको आजको बैठकले किसान र मजदूरलाई कोभिड-१९ विरुद्धको खोप तत्काल लगाउने व्यवस्था गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको सभापति पूर्णकुमारी सुवेदीले जानकारी दिनुभयो।

समितिले अविरल वर्षाका कारण मुलुकका विभिन्न भागमा बाढीपहिराका घटनाबाट पशुपक्षी र बालीनालीमा क्षति पुगेका किसानलाई सहयोगस्वरुप यथाशक्य राहत उपलब्ध गराउन सुझाव दिएको छ। किसानले यस वर्ष पनि धानका लागि सहजरूपमा आवश्यक मल खाद्य प्राप्त गर्न नसकेको जनाउँदै समितिले कृषि तथा पशुपक्षी मन्त्रालयलाई रसायनिक मल अभावको समस्या तत्काल र दीर्घकालका लागि व्यवस्थापन गर्न गम्भीर ध्यानाकर्षण गराएको छ।

समितिले भनेको छ, 'मल खाद्य खरीदका लागि बजेट व्यवस्था गरी किसानका मागबमोजिम सरकारले समयमै किसानका मुद्दालाई सम्बोधन गर्नुपर्छ।' नेपाल कृषि अनुसन्धान परिषद्को भैरहवास्थित राष्ट्रिय गहुँबाली अध्ययन केन्द्रको जग्गा विभिन्न नाममा हुन लागेको अतिक्रमणका सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भएको पनि सभापति सुवेदीले जानकारी दिनुभयो।

अतिक्रमको घटनाकाबारे जानकारी उपलब्ध गराउन समितिले मन्त्रालयलाई निर्देशन दिएको छ। यसैबीच कृषि अनुसन्धान परिषद्ले लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालबाट राष्ट्रिय गहुँबाली कार्यक्रम रुपन्देहीको तीन बिघा जग्गा १०० शय्या क्षमताको बहुउपयोगी संरचना निर्माण गर्न उपलब्ध गराउन माग भई आएको पुष्टि गर्दै गहुँको अनुसन्धान र परीक्षणमा प्रतिकूल प्रभाव पर्ने भएकाले उपलब्ध गराउन नसकिने जानकारी गराएको छ।

यसअघि बैठकमा समिति सदस्यले किसानलाई सरल, सुलभ र सहजरूपमा मलखाद्य उपलब्ध गराउन, कृषि ऋण र अनुदान टाठाबाठाको पोल्टामा गएकाले बास्तविक किसानमा पुऱ्याउन तथा प्राकृतिक प्रकोपका घटनाका पीडितलाई पुनर्वास र राहतका कार्यक्रम ल्याउन समितिमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।